मधेश प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

# प्रदेश वन निर्देशनालय

जनकपुरधाम, धनुषा, नेपाल

प.सं.:- २०८३/०८४ (प्रशासन)

च.नं.:-

वन प्राविधिक (पाँचौं तह) आवश्यकता सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०५

यस निर्देशनालयको मिति २०८३/०५/०४ गतेको निर्णय अनुसार वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम तथा संघीय सशर्त अनुदान तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३/०८४ तथा प्रचलित ऐन कानूनको अधिनमा रही आयोजनाको कार्यक्रम समन्वय, फिल्ड सहयोग र प्रतिवेदन तयारी लगायतको कार्य गर्ने गरी वन प्राविधिक (पाँचौं तह) १ जना भर्ना गर्ने पर्ने भएको हुँदा देहायको योग्यता पुगेका, उमेत १८ वर्ष भन्दा माथि ५८ वर्ष ननाघेका नेपाली नागरिकहरुले यो सूचना प्रकिशत भएको मितिले ७ (सात) दिन भित्र तपसिलका प्रमाणित कागजातहरु सहित यस निर्देशनालयमा भौतीक रुपमा उपस्थित भई वा यस निर्देशनालयको ईमेलः dof2state@gmail.com मार्फत निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क. आवश्यक कागजातहरुः

१. निवेदन

२. व्यक्तिगत विवरण (Curriculum Vitae)

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

४. शैक्षिक योग्यताको प्रतिलिपी

५. अनुभव खुल्ने कागजाहरु

६. बृक्षारोपण कार्य गरेको खुल्ने प्रमाण पत्र वा सिफारिस पत्रको प्रतिलिपी

ख. योग्यताः

- वन विज्ञान विषयमा प्रमाणपत्र वा सो सरह अध्ययन गरी कम्ती १ वर्षको अनुभव भएको वा वन विषयमा स्नातक उत्तिर्ण गरेको ।
- समृद्धिका लागि वन कार्यक्रम वा यस्तै जलबायु परिवर्तनसँग सम्बन्धित परियोजनामा निजी वन, सार्वजनीक वन वन वा वन क्षेत्रमा आफ्नै अगुवाईमा बृक्षारोपण, वन विकासको कार्य गरी बृक्षारोपण गरेको ।
- अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

ग. आवेदनको समय, छनोट प्रक्रिया र पारिश्रमिकः

१. आवेदन दिने अन्तिम मितिः २०८३ साल भाद्र ११ गते कार्यालय समय भित्र ।

२. छनोट प्रक्रियाको आधारहरुः उम्मेदवारहरुको Curriculum Vitae, शैक्षिक योग्यता, नागरिकतामा उल्लेखित ठेगाना र जन्म मिति, कामको अनुभव एवं रेड कार्यान्वयन केन्द्रले तोकेको वन प्राविधिक नियुक्ति सम्बन्धी मापदण्ड बमोजिम ।

३. पारिश्रमिकः नेपाल सरकारको प्रचलित नियमानुसार ।

*(नोटः १० हे. भन्दा बढी बृक्षारोपण, कार्य अनुभव तोकिएको भन्दा अधिक, उमेर ४० वर्ष ननाघेको, मधेश प्रदेशको स्थायी बसोबासी, कार्य अनुभव (REDD+ का बारेमा जानकार), लागत अनुमान तयार गर्न सक्ने, कम्प्युटरमा सिप (REDGIS, ETRS आदि Application चलाउन जान्ने) जानकार, आदिवासी, जनजाती, दलित, मधेशी, महिला, अल्पसंख्यक समुदायलाई प्राथमिकता दिईनेछ ।)*

(थप जानकारीको लागि यस निर्देशनालयमा सम्पर्क गर्नुहोला ।)